आ.ब.२०८१/८२ को दशौं कार्यपालिका बैठक ८ फागुन, २०८१, ने.स. ११४५, सिल्लागा, सप्तमी, विहीबार

आज मिति २०८१ पागुन ८ गते विहीवारको विहानको ८:०० बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८१/८२ को दशौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स/प्रवक्ता | श्री वच्चुराज वस्याल | | |

क्र.वा अध्यक्ष ११ महेश बपलिया

का.वा अध्यक्ष - २ सबिना श्रेष्ठ

आ.ब.२०८१/८२ को दशौं कार्यपालिका बैठक ८ फागुन, २०८१, ने.स. ११४५, सिल्लागा, ससमी, विहीबार

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>अनुगमन समितिबाट पेश भएका अनुगमन प्रतिवेदन उपर छलफल सम्वन्धामा</td><td>चालु आर्थिक बर्ष २०८१/८२ को नगरस्तरिय तथा वडा स्तरिय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई सम्वन्धित समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु उपर छलफल गरियो ।उक्त प्रतिवेदनहरु अनुमोदन गरी आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने ।</td></tr>
<tr><td>३</td><td>नदीको मापदण्ड कार्यान्वय सम्वन्धमा</td><td>संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१-९-४,च.नं. १९५ तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०८१-८-२७,च.नं. का./७११/२७१७ को पत्रानुसार सम्मानीत सर्वोच्च अदालतबाट मुद्धा नं. ०८१-NF-००३४ तथा ०८१-NF-००३३ को नदी खोला किनारमा के कति तटीय क्षेत्र छोड्ने भन्ने बिषयसंग सम्बन्धि उत्प्रेषण रिट निवेदनमा मिति २०८०/०९/०३ मा भएको फैसल्ला उपर नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले दर्ता गरेको पुनरावलोकनको निवेदनको अन्तिम किनारा नभएसम्म देवानी कार्यविधि संहिता, २०७४ को दफा २३१ बमोजिम उक्त फैसल्ला हाललाई कार्यान्वयन स्थगन गर्न पत्राचार भएकोले सोहि बमोजिम गर्ने ।</td></tr>
<tr><td>४</td><td>दोस्रो कर अभियानमा जनशक्ति परिचालन सम्वन्धमा</td><td>नगरकार्यपालिकाको मिति २०८१-१०-१५ को निर्णयानुसार मिति २०८१ फाल्गुण ११ गते देखि चैत्र मसान्त सम्म नगरपालिकाभरी संचालन हुने दोस्रो कर अभियान, २०८१ मा संचालन गर्ने भनिएकोमा सो मिति संशोधन गरी आगामी कार्यपालिकाबाट तय भए भए बमोजिम हुने गरी उक्त अभियान संचालनको लागि आवश्यक पर्ने कर अभियान संचालन कार्यविधि,२०८१ निर्माणको लागि सैदान्तिक सहमति प्रदान गर्ने ।</td></tr>
<tr><td>५</td><td>पारिश्रमिक भुक्तानी</td><td>मिति २०८१ बैशाख र जेठ महिनामा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको अनुरोधमा राष्ट्रिय परिचयपत्रको कार्ड वितरण कार्यमा खटिएका सहयोगी कर्मचारीहरुको पारिश्रमिक विभागबाट उपलव्ध गराउन नसकिने भई तहाँ कार्यालयबाट नै भुक्तानी हुन भनी विभागको मिति २०८१-१०-१३, च.नं. ८९८ को पत्रबाट अनुरोध भई आएकोले १२ जना सहयोगी कर्मचारीको पारिश्रमिक वापत कूल रु. १७४९००/- उपयुक्त खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउने ।</td></tr>
<tr><td>६</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम</td><td><table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>ग्लोबल टेक कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-१०</td><td></td></tr>
<tr><td>२.</td><td>बिल्डर्स हव कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग</td><td>टोखा-१०</td><td></td></tr>
</table></td></tr>
</table>

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | | |
|---|---|---|---|---|---|
| | संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । | | कन्सल्टेन्सी प्रा.लि. | | |
| | | ३. | परफीसेन्ट कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कम्पनी प्रा.लि. | टोखा-१० | |
| | | ४ | बेताल भौनेली निर्माण सेवा प्रा.लि. | टोखा-८ | |
| | | ५ | दास कन्स्ट्रक्सन प्रा.लि. | टोखा-६ | |
| | | ६ | एस.एण्ड.डी. कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० | |
| | | ७ | राधाकृष्ण निर्माण तथा सप्लायर्स प्रा.लि. | टोखा-१० | |
| | | ८ | आर.के.ओ.कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० | |
| | | ९ | बलु पृथ्वी निर्माण कम्पनी प्रा.लि. | टोखा-१० | |
| | | १० | ज्ञानकृति निर्माण सेवा प्रा.लि. | टोखा-१० | |
| | | ११ | रिजाबन कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० | |
| | | १२ | सिस्ने जलजला निर्माण सेवा प्रा.लि. | टोखा-८ | |
| | | १३ | श्रीदिप इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-१० | |
| | | १४ | बि.आर.जी. कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० | |
| | | १५ | बिसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-१० | |
| | | १६ | लेकपानी बिल्डर्स प्रा.लि | टोखा-१० | |
| | | १७ | के.टि.एम.कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| | | १८ | शान्भी इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि. | टोखा-८ | |
| | | १९ | आकार डिजाईनर्स एण्ड डेम्लोपर्स प्रा.लि. | टोखा-८ | |
| | | | | | |
| ७ | विविध | १. प्रदेश ससर्त अन्तर्गत स्वीकृत विपद् जोखिम न्यूनिकरण अन्तर्गत वडा नं. ३ स्थित प्रहरी प्रभाग टोखा देखि माथिल्लो क्षेत्रमा विष्णुमति नदी नियन्त्रण कार्य शिर्षकको आयोजना सम्वन्धित वडा कार्यालयबाट सिफारिस हुने उपभोक्ता समिति/टोल विकास संस्था मार्फत कार्यान्वयन प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने।<br>२. नगरसभाको १५ औं अधिबवेशनबाट स्वीकृत करिडोर वाल निर्माण (बिष्णुमति - हात्तिगौडा पुल देखि उत्तर) शिर्षकको आयोजना सम्वन्धित वडा कार्यालयबाट सिफारिस हुने उपभोक्ता समिति/टोल विकास संस्था मार्फत कार्यान्वयन प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने।<br>३. किरण क्षितिज निर्माण सेवा प्रा.लि.ले मिति २०८१-१०-०८ मा नगरपालिकामा घ बर्ग ईजाजत पत्र नविकरण दस्तुर वापत रु १० हजार जम्मा गरेकोमा उक्त ईजाजत पत्रको नविकरण म्याद समाप्त भई नविकरण नहुने भएकोले आर्थिक ऐन,२०८१ को दफा १७ (झ) बमोजिम उक्त रकम सम्वन्धित प्रा.लि.लाई फिर्ता गर्ने । | | | |

आ.ब.२०८१/८२ को दशौं कार्यपालिका बैठक ८ फागुन, २०८१, ने.स. ११४५, सिल्लागा, ससमी, बिहीबार

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ४. नेपाल पर्यटन वोर्डको मिति २०८१-१०-६, च.नं. ४/ प. स. बि. / २०८१/८२ /१८ को पत्रानुसार उक्त बोर्डबाट चालु आ.ब.को लागि स्वीकृत कार्यक्रम बौडेश्वर झरना पर्यटन पूर्वाधार स्तरोन्नती(टोखा,बौडेश्वर झरना पूर्वाधार स्तरोन्नती र झोर शिवपुरी हाईकिङ् ट्रेल स्तरोन्नती गर्ने) कार्यान्वयनको लागि कूल लागतको २० प्रतिशत रकम १५ औं नगरसभाको कार्यक्रम शिर्षक नं. १०७२ मा विनियोजित रकम मध्येबाट व्यहोर्ने ।<br>५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१-११-५, च.नं. २०९ को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१-१०-२३ को निर्णयानुसार प्राप्त सुझाव कार्यान्वयन हुने गरी लागू गर्न विपन्न नागरिकलाई औषधि उपचार खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि निर्माण गर्न सैदान्तिक सहमति प्रदान गर्ने ।<br>६. रोड रेसिङ्ग च्याम्पियनसिप प्रतियोगितामा सहभागि हुनको लागि वडा नं. ११ वस्ने अविनास खड्कालाई राईडिङ्ग सुड निर्माण एवं अन्य कार्यका लागि सहयोग स्वरुप रु. ४० हजार सम्वन्धित खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउने ।<br>७. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनद्धारा संचालन हुने स्ववियु कप भलिबल प्रतियोगिता, २०८१ का लागि उक्त कार्यक्रममा खर्च हुने रकम मध्ये सहयोग स्वरुप रु २० हजार १५/१६ नगरसभामा विनियोजित कार्यक्रम खर्च शिर्षक २५९ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>८. नेपाल डोरीतान संघको आयोजनामा हुने तेस्रो डोरीतान प्रतियोगिता, २०८१ का लागि उक्त कार्यक्रममा हुने खर्च मध्ये १५ औं नगरसभाको कार्यक्रम शिर्षक नं. २५९ मा विनियोजित रकम मध्येबाट रु ५० हजार विनियोजन गर्ने ।<br>९. National Youth Federation, Nepal को आयोजनामा प्लान अन पर्फेक्शन प्रा.लि मार्फत संचालन हुने फुटवल प्रतियोगितामा खर्च हुने रकम मध्ये १५/१६ औं नगरसभाको खर्च शिर्षक नं. २५९ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख विनियोजन गर्ने ।<br>१०.मिति २०८१ पुस १८ गतेको नगरकार्यपालिका बैठकबाट मोतिदेवी स्मृति केन्द्रले अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विभिन्न विधाका प्रतिभावान व्यक्तित्वहरुलाई सम्मान गर्ने उक्त सामाजिक कार्यमा भएको खर्च मध्ये सम्वन्धित संस्थाले पेश गर्ने कार्यक्रम सम्पन्न प्रतिवेदन,उपस्थिति पुस्तिका, कार्यक्रमको फोटो, बिल भर्पाई लगायतका कागजातको आधारमा रु. ७५ हजार सहयोग स्वरुप १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउने गरी विनियोजन भएकोमा उक्त कार्यक्रमको लागि रु १ लाख २५ हजार थप गरी जम्मा रु २ लाख विनियोजन गर्ने ।<br>११.वडा नं. ८ स्थित जालुपाचोक जाने मुल सडक भासिएकोले सो सडक मर्मत कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु.२ लाख ३० हजार विनियोजन गरी कार्यान्वयन |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | प्रकृया अगाडि बढाउने ।<br>१२.वडा नं. ३ स्थित धमलटारमा रहेको गणेशमन्दिर पुनः निर्माण/जिर्णोद्धारको आयोजना स्वीकृत भएकोमा साविकमा विनियोजित रकमले मात्र नपुग हुने अवस्था रहेकोले गरी १५ औं नगरसभाको २६३ मा विनियोजित रकम मध्येबाट थप रु ४ लाख विनियोजन गरी निर्माण प्रकृया अगाडि बढाउने ।<br>१३.वडा नं. ७ स्थित दाहाल गौडा देखि बसुन्धरा निस्कने सडक मर्मत/ओभरलेको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको २७० मा विनियोजित रकम मध्येबाट रु १० लाख विनियोजन गरी निर्माण प्रकृया अगाडि बढाउने ।<br>१४.वडा नं. २ स्थित कपिन्डोल भित्री बाटो स्तरोन्नतीको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको २६३ मा विनियोजित रकम मध्येबाट रु ३ लाख विनियोजन गरी सम्वन्धित वडा कार्यालयबाट सिफारिस हुने स्थानीय लाभग्राही समूह मार्फत सम्झौता प्रकृया अगाडि बढाउने ।<br>१५.वडा नं. ५ मा रहेको धापासी देवी मन्दिर गुठीका लागि सांस्कृति बाजागाजा तथा सामाग्रीहरु खरिदको लागि १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु. १ लाख ५० हजार विनियोजन गर्ने ।<br>१६.वडा नं. ११ स्थित थानापति सेवा समाजलाई साँस्कृति कार्यक्रम भजन किर्तन सामाग्री खरिदका लागि लागि १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु. २ लाख ४० हजार विनियोजन गर्ने ।<br>१७.वडा नं. ८ स्थित जालुपा मा.वि. पछाडी वाल कम्पाउण्ड निर्माण एवं शौचालय संरक्षणको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. ५ लाख विनियोजन गर्ने ।<br>१८.प्रहरी वृत्त महाराजगञ्ज, बा. १ झ १३१ नम्बरको सवारी मर्मत सहयोग माग भएकोमा उक्त सवारी मर्मत विल अनुसार अधिकतम् रु. ५० हजार १५ औं नगरसभाको सवारी साधन मर्मत शिर्षकमा विनियोजित रकम मध्येबाट सम्वन्धित मर्मत कम्पनिलाई भुक्तानी उपलव्ध गराउने ।<br>१९.वडा नं. ४ स्थित दीपज्योति महिला टोलमा आवद्ध महिलादिदी वहिनीहरुलाई एड्भान्स अचार बनाउने तालिम संचालनको लागि १५ औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम मध्येबाट रु. ७५ हजार विनियोजन गर्ने ।<br>२०.वडा नं. १० टोखा रोड खरिवोट गणेशमन्दिर अगाडी सडक ड्रेन निर्माण एवं अन्य मर्मतको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गर्ने ।<br>२१.वडा नं. ४ स्थित धापासी मार्ग,लामपाखा देखि भेटघाट चोक जाने सडकमा पोल थप तथा ढल्केको पोल सिधा गर्ने कार्यको आयोजनाको लागि नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट नेपाल विद्युत प्राधिकरण, वागमती प्रादेशिक कार्यालय,महाराजगञ्ज वितरण केन्द्र,बसुन्धराबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ९४२५०.४१ |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | विनियोजन गरी **टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६** बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण, वागमती प्रादेशिक कार्यालय,महाराजगञ्ज वितरण केन्द्र,बसुन्धरालाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२२. वडा नं. २ स्थित लघु उधम् महिला समाजको संयोजनमा खिंगुली बुगा खेल कार्यक्रम संचालनमा खर्च हुने रकम मध्ये १५ औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम मध्येबाट रु. १ लाख विनियोजन गर्ने ।<br>२३.वडा नं. ६ को मिति २०८१-११-६,च.नं. २१४९ को पत्रानुसार वडा नं. ६ स्थित फिसल टोलमा खानेपानी पाईपलाईन विस्तारको आयोजना स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. ७२१ वडाभरिका विभिन्न स्थानमा खानेपानीको नयाँ पाइप लाइन विस्तार मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ५३६५०० विनियोजन गरी **टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६** बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२४. वडा नं. ६ को मिति २०८१-११-५,च.नं. २१४४ को पत्रानुसार वडा नं. ६ स्थित सिंगापुर कोलोनीमा खानेपानी पाईपलाईन विस्तारको आयोजना स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. ७२१ वडाभरिका विभिन्न स्थानमा खानेपानीको नयाँ पाइप लाइन विस्तार मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ९५२००० विनियोजन गरी **टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६** बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२५.वडा नं. ६ को मिति २०८१-११-८,च.नं. २१५५ को पत्रानुसार वडा नं. ६ स्थित शुभहोम्समा खानेपानी पाईपलाईन विस्तारको आयोजना स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. ७२१ वडाभरिका विभिन्न स्थानमा खानेपानीको नयाँ पाइप लाइन विस्तार मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ४०४०००/- विनियोजन गरी **टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६** बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२६.संचारिका समूहको आयोजनामा संचालन हुने **डिजिटल मिडियाले महिलामा** |

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ग्रेटर हाँडीगाउँ, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
पारेको प्रभाव सम्वन्धी अन्तर्क्रिया कार्यक्रमको लागि सहयोग स्वरुप १५ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु. ५० हजार उपलव्ध गराउने ।<br>
२७.टोखा नगरपालिकाको बर्षभरीको सूचना,सन्देश एफ.एम मार्फत प्रशारणको लागि १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गरी स्थानीय एफ.एम मार्फत सूचना, सन्देश प्रशारण गर्ने गरी मिति २०८१-७-२० को का.पा बैठकबाट निर्णय भएकोमा उक्त निर्णयमा रु १ लाख थप गरी जम्मा रु. ३ लाख विनियोजन गरी कार्यान्वयन गर्ने ।<br>
२८.काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयलाई अफिस सामाग्री (फर्निचर,कम्प्युटर आदि) उपलव्ध गराउनको लागि फर्निचर तथा मेसिनरी औजार खरिद शिर्षकमा विनियोजित रकम मध्येबाट रु १ लाख ५० हजार वरावरका सामाग्रीहरु उपलव्ध गराउने ।<br>
२९.वडा नं. १ स्थित बौडेश्वर वालमैत्री पार्क संचालनको लागि पार्क मर्मत एवं रंगरोगन कार्यको आयोजना स्वीकृत गरी लागत अनुमान अनुसार रु.२६ लाखको बजेट रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित गरी भुक्तानी हुने गरी प्रकृया अगाडि बढाउने ।<br>
३०.वडा नं. १ स्थित बौडेश्वर वालमैत्री पार्क अगाडिको पर्लेपाटी जाने सडक स्तरोन्नती कार्यको आयोजना स्वीकृत गरी लागत अनुमान अनुसार रु. २४ लाखको बजेट रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित गरी भुक्तानी हुने गरी प्रकृया अगाडि बढाउने ।<br>
३१.वडा नं. १ स्थित बौडेश्वर मा.वि. देखि बौडेश्वर वालमैत्री पार्क जाने मूल सडक स्तरोन्नती/कालोपत्रे कार्यको आयोजना स्वीकृत गरी लागत अनुमान अनुसारको नपुग बजेट रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित गरी भुक्तानी हुने गरी प्रकृया अगाडि बढाउने ।<br>
३२.नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।
<table>
<tr><th>क्र.स</th><th>सवारीको विवरण</th><th>भुक्तानी गर्नु पर्ने /रकम</th><th>सवारी प्रयोगकर्ता/ चालक</th></tr>
<tr><td>१</td><td>बा.१ झ ९७५० ( एम्बुलेन्स)</td><td>१२०७९७/-</td><td>दिनेश विश्वकर्मा</td></tr>
</table>
</td></tr>
</table>